बुढीगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
[illegible], मोरङ
प्रदेश नं १नेपाल

**विषय :-आ. व. २०७९।२०८० को लागि कबाडी मालसामान बिकि बितरण तथा उपयोग कर संकलन र स्थानीय सडक पूर्वाधार सेवा शुल्क संकलन ठेक्का बन्दोबस्ती सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना।**

**सूचना प्रकाशित मिति २०७९।०२।२३**

**(बिद्युतीय खरिद प्रणाली (e-GP) बाट मात्र)**

आ.व. २०७९।२०८० को लागि यस गांउपालिकाको क्षेत्र भित्र मुख्य राजमार्ग समेत गा.पा.क्षेत्र भित्रका उद्योग कलकारखाना बाट निस्कने कबाडी मालसामान र गांउपालिकाको क्षेत्र भित्र चल्ने सवारी साधनमा स्थानीय सडक पूर्वाधार सेवा शुल्क संकलन को आन्तरिक आय सम्बन्धि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यस गाउँपालिकाले तोकेको शर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म, कम्पनी तथा व्यक्तिहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरि शुल्क संकलन गर्नका लागि यस गाउँपालिकाबाट जारी गरेको तपसिल बमाजीमको बोलपत्र फारम दस्तुर तिरी (फिर्ता नहुनेगरी) खरिद गरी तोकिएको म्याद भित्रमा **बिद्युतीय खरिद प्रणाली (e-GP)** बाट मात्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :-

| सि.नं. | किसिम | कर तथा मर्मत शुल्क संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य रु.(भ्याट बाहेक) | बोलपत्र खरिद दस्तुर |
|---|---|---|---|---|
| १ | कबाडी मालसामान हरुको बिकि बितरण तथा उपयोगमा लाग्ने कर संकलन | मुख्य राजमार्ग समेत गा.पा.को क्षेत्र भित्रका उद्योग कलकारखानाहरु | ७७,३८,७००।०० | ३०००।०० |
| २ | स्थानीय सडक पूर्वाधार सेवा शुल्क संकलन | मुख्य राजमार्ग बाहेक गा.पा.को क्षेत्र भित्रका सडकहरु | १७,२२,६००।०० | ३०००।०० |

**शर्तहरुः-**

**शर्तहरुः-**

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्र दाता फर्म कम्पनीहरुले मु.अ.कर दर्ता प्रमाणपत्र , आ.व. ०७८।०७९ सम्मको फर्म नविकरण, आ.व. ०७७।०७८ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र र मु.अ.करमा दर्ता भएको प्रमाणपत्र पेश गरी मिति २०७९।०३।२२ गते दिनको १२.०० बजे सम्ममा शिलबन्दी बोलपत्र **बिद्युतीय खरिद प्रणाली (e-GP) PPMO's Website www.bolpatra.gov.np/egp** बाट मात्र खरिद गरी दर्ता गरी सक्नुपर्नेछ। तोकिएको समय भित्र प्राप्त बोलपत्रहरु सोहि दिन दिनको १.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस गा.पा.का प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने ,दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ।

२.बोलपत्र फारम खरिदको लागी बुढीगंगा गांऊपालिकाको नाममा रहेको एन.आई.सी.एशिया बैक लिमिटेड पुष्पलालचौक शाखा कार्यालय बिराटनगरको राजस्व आम्दानी खाता न 0692059501175002 मा जम्मा गरी बोलपत्र खरिद गर्न सकिनेछ र धरौटीको लागी कबोल अंकको (भ्याट सहितको ) ५ प्रतिशतले हुन आउने रकम धरौटी बापत यस कार्यालयको एन.आई.सी एसिया बैंक लि. पुष्पलालचौक शाखा कार्यालय बिराटनगर मा रहेको धरौटी खाता नं. ६९CA५०११७५५२४००६ मा जम्मा गरेको सक्कलै भौचरहरु पिडियफ फरमेटमा स्क्यान गरी वा सूचना प्रकाशित भएको मितिले कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैक वा बित्तिय संस्था बाट बैंक ग्यारेन्टी (बिड बण्ड) पिडियफ फरमेटमा स्क्यान गरी पेश गर्नुपर्ने छ।

३. प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर तथा शुल्कहरु बेलपत्रदाता स्वयंले तिर्नुपर्ने छ । स्वीकृत बोलपत्रदाताले कार्यालयमा बुझाउनु पर्ने सम्पूर्ण रकम र भ्याट समेत बुझाई सकेपछी मात्र धरौटी रकम फिर्ता हुने छ। अन्यको हकमा सम्झौता भएपछि धरौटी रकम फिर्ता दिइनेछ।

४. कर, दस्तुर तथा शुःल्कहरुको दररेट बोलपत्र फारममा संलग्न गरिएको छ।

५. आ.व. २०७९।०८० को लागि शुल्क संकलन मिति २०७९ साल श्रावण १ गते देखि २०८० साल असार मसान्त सम्म हुनेछ।

६. बोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट, मिनाहा वा माफी दिईने छैन।

७. बोलकबोल अंकको रकम सम्झौता गर्ने समयमा एकमुष्ट रकम बुझाएमा १०% छुट दिईनेछ। एकमुष्ट रकम नबुझाएमा छुट दिईनेछैन। बैकमा नगद जम्मा गर्दा एन.आइ.सी.एसिया बैंक लि.मा रहेको यस गाउँपालिकाको संचित कोष खाता न 0692059501175002 मा जम्मा गर्नुपर्नेछ र संझौता गर्दाको समयमा ४० प्रतिशत रकम बुझाउनुपर्नेछ र बांकी ६० प्रतिशत रकम नगदै वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बाणिज्य बैंक वा बित्तिय संस्था बाट मिति २०८० श्रावण मसान्त सम्म म्याद भएको कार्य सम्पादन जमानत पत्र (परफरमेन्स

प्रमुख प्रशासकिय अधिकृत

बण्ड ) अनिबार्य रुपमा पेश गरेपछि मात्र संझौता गरिनेछ । ४० प्रतिशत मात्र रकम जम्मा गरेर कार्य सम्पादन जमानत पत्र (परफरमेन्स बण्ड ) पेश नगरेमा संझौता गरिनेछैन ।

८.बोलपत्रदाता बाट बोलपत्र फारममा बोलकबोल गरेको रकम अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा सही छाप भएको हुनुपर्ने छ ।

९. म्याद नाघि वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

१०. यस गाउँपालिकाको हितलाई मध्यनजर गरी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. ठेक्का सम्बन्धी विस्तृत जानकारी यस गाउँपालिकाको कार्यालय हात्तिमुडा मोरङ्गमा आई बुझ्न सकिनेछ । अथवा गा.पा.को website www.budhigangamunmorang.gov.np मा हेर्न सकिने छ ।

१२.ठेक्का लिई रकम संकलन गर्ने क्रममा कुनै किसिमको दुर्घटना भएमा बोलपत्रदाता स्वयं सो को जवाफदेही हुनुपर्नेछ ।

१३.ठेक्का सम्बन्धि रसिद हरु ठेकेदार आफैले छपाई कार्यालय बाट प्रमाणीत गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणीत नगराई उठाईएको पाईएमा नियमानुसार कारबाही गरिनेछ ।

१४.यस सुचनामा उल्लेख नभएका कुरा हरु स्थानीय सरकार संचालन ऐन २०७४,सार्बजनिक खरिद ऐन २०६३ (संशोधन सहित ), सार्बजनिक खरिद नियमावली २०६४ (संशोधन सहित ) र प्रचलित ऐन कानुन बमोजीम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

बुढीगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हात्तिमुडा, मोरङ प्रदेश नं. १, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

बुढीगंगा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हात्तिमुडा, मोरङ

प्रदेश नं १,नेपाल

# कबाडी मालसामान
# बिकी बितरण तथा उपयोग कर संकलन ठेक्का
# सम्बन्धी बोलपत्र
# फारम - १

## आ. व. २०७९।२०८०

बुढीगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## हात्तिमुडा, मोरङ

प्रदेश नं १, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

**कबाडी मालसामान बिकी बितरण तथा उपयोग कर संकलन सम्बन्धि ठेक्काको बोलकबोल फारम :-**

| सि.नं. | विवरण | न्यूनतम अंक रु.(भ्याट बाहेक) | कबोल अंक रु. (भ्याट बाहेक) | कबोल अंक (अक्षरमा) | कैफियत |
|---|---|---|---|---|---|
| १. | कबाडी मालसामान बिकि बितरण तथा उपयोग कर संकलन | ७७,३८,७००।०० | | | |
| | | कबोल अंक रु. | | | |
| | | १३ प्रतिशत भ्याट रु. | | | |
| | | जम्मा रु. | | | |

फर्म, कम्पनीको छाप

निवेदकको दस्तखत :-
नाम थर :-
ठेगाना :-
मिति :-

शर्तहरु:-

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्र दाता फर्म कम्पनीहरुले मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. ०७८।०७९ सम्मको फर्म नविकरण, आ.व. ०७७।०७८ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र र मु.अ.करमा दर्ता भएको प्रमाणपत्र पेश गरी मिति २०७९।०३।२२ गते दिनको १२.०० बजे सम्ममा शिलबन्दी बोलपत्र **बिद्युतीय खरिद प्रणाली (e-GP) PPMO's Website www.bolpatra.gov.np/egp** बाट मात्र खरिद गरी दर्ता गरी सक्नुपर्नेछ। तोकिएको समय भित्र प्राप्त बोलपत्रहरु सोहि दिन दिनको १.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस गा.पा.का प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने ,दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिनलाई क्रमश: अन्तिम दिन मानिनेछ।

२.बोलपत्र फारम खरिदको लागी बुढीगंगा गांऊपालिकाको नाममा रहेको एन.आई.सी.एशिया बैंक लिमिटेड पुष्पलालचौक शाखा कार्यालय बिराटनगरको राजस्व आम्दानी खाता न 0692059501175002 मा जम्मा गरी बोलपत्र खरिद गर्न सकिनेछ र धरौटीको लागी कबोल अंकको (भ्याट सहितको ) ५ प्रतिशतले हुन आउने रकम धरौटी बापत यस कार्यालयको एन.आई.सी एसिया बैंक लि. पुष्पलालचौक शाखा कार्यालय बिराटनगर मा रहेको धरौटी खाता नं. ६९CA५०११७५५२४००६ मा जम्मा गरेको सक्कलै भौचरहरु पिडियफ फरमेटमा स्क्यान गरी वा सूचना प्रकाशित भएको मितिले कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैक वा बित्तिय संस्था बाट बैंक ग्यारेन्टी (बिड बण्ड) पिडियफ फरमेटमा स्क्यान गरी पेश गर्नुपर्ने छ।

३. प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर तथा शुल्कहरु बेलपत्रदाता स्वयंले तिर्नुपर्ने छ। स्वीकृत बोलपत्रदाताले कार्यालयमा बुझाउनु पर्ने सम्पूर्ण रकम र भ्याट समेत बुझाई सकेपछी मात्र धरौटी रकम फिर्ता हुने छ। अन्यको हकमा सम्झौता भएपछि धरौटी रकम फिर्ता दिइनेछ।

४. स्थानीय सडक पूर्वाधार सेवा दैनिक को दररेट सम्बन्धि बिबरण:

४. कर शुल्क संकलनको दररेट बोलपत्र फारममा संलग्न गरिएको छ।

| सि.नं. | कवाडी सामानको विवरण | निर्धारित दर रु. |
|---|---|---|
| १ | **कागज तथा कार्टुनजन्य पदार्थहरु प्रति के.जी.** | प्रति के.जी.रु.१।०० |
| २ | **जे जस्तो अवस्थामा छ पुन सोहि रुपमा प्रयोग गर्न सकिने** | |
| (क) | खालि शिशी (बियर) हल्का पेय पदार्थ बाहेक प्रतिगोटा | ०।२५ पैसा |
| (ख) | खालि शिशी (५०० एम एल भन्दा माथि) प्रतिगोटा | ०।२५ पैसा |
| (ग) | खालि शिशी (५०० एम एल भन्दा तल) प्रतिगोटा | ०।१० पैसा |
| (घ) | प्लाष्टिक बोतल भाडाकुडा पुराना जुत्ता चप्पल र ग्यालेन प्रतिगोटा | ०।५० पैसा |
| ३ | **खालि बोरा प्रतिगोटा** | |
| (क) | जुटको बोरा १०० के.जी.क्षमताका प्रतिगोटा | ०।२५ पैसा |
| (ख) | जुटको बोरा ५० के.जी.क्षमताका प्रतिगोटा | ०।०५ पैसा |
| (ग) | प्लाष्टिकको बोरा ५० के.जी.क्षमताको प्रतिगोटा | ०।०५ पैसा |
| ४ | **तेलको टिन प्रतिगोटा** | |
| (क) | १० लि. भन्दा बढी क्षमताको प्रतिगोटा | १।०० रुपैयाँ |
| (ख) | १० लि. भन्दा कम क्षमताको प्रतिगोटा | ०।५० पैसा |
| ५ | **पुन : प्रशोधन गरी प्रयोग गर्न सकिने** | |
| (क) | झिण्डु ( प्राकृतिक र कृतिम उनका टुका) प्रति के.जी. | १।०० रुपैयाँ |
| (ख) | गार्मेन्टका कपडाका टुक्रा प्रति के.जी. | १।०० रुपैयाँ |
| (ग) | जलेको मोविल प्रति लिटर | ०।५० पैसा |
| (घ) | जुट र प्लाष्टिकका बोरा फाटेका प्रति के.जी. | ०।१० पैसा |
| (ङ) | प्लाष्टिकका टुक्रा प्रति के.जी. | १।०० रुपैयाँ |
| (च) | पुराना टायर,ट्युब प्रति के.जी. | १।०० रुपैयाँ |
| (छ) | थोत्रो टिन प्रति के.जी. | ०।५० पैसा |
| (ज) | पुरानो ड्रम प्रति के.जी. | ०।५० पैसा |
| ६ | **धातुका कवाडी सामानहरु प्रति के.जी.** | |
| (क) | फलामजन्य सामान तथा टुका प्रति के.जी. | १।०० रुपैयाँ |
| (ख) | अन्य धातुहरु : पित्तल, तामा, जिङ्क आदिका सामान तथा टुकाहरु प्रति के.जी. | १।०० रुपैयाँ |
| (ग) | बिग्रिएर काम नलाग्ने मेसिनरी औजार तथा पार्टपुर्जा हरु प्रति के.जी. | १।०० रुपैयाँ |
| ७ | **अन्य** | |
| (क) | पोलिथिन पाईपका टुक्राहरु प्रति के.जी. | १।०० रुपैयाँ |
| (ख) | शिशा (लिड) का धुलो र टुक्राहरु प्रति के.जी. | १।०० रुपैयाँ |
| (ग) | कार्चको धुलो र टुक्राहरु प्रति के.जी. | १।०० रुपैयाँ |
| (घ) | मिनरल वाटरका बोटलहरु प्रतिगोटा | ०।१० पैसा |

प्रमुख प्रशासकिय अधिकृत

५. आ.व. २०७९।०८० को लागि शुल्क संकलन मिति २०७९ साल श्रावण १ गते देखि २०८० साल असार मसान्त सम्म हुनेछ ।
६. बोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट, मिनाहा वा माफी दिईने छैन ।
७. बोलकबोल अंकको रकम सम्झौता गर्ने समयमा एकमुष्ट रकम बुझाएमा १०% छुट दिईनेछ । एकमुष्ट रकम नबुझाएमा छुट दिईनेछैन । बैकमा नगद जम्मा गर्दा एन.आइ.सी.एसिया बैंक लि.मा रहेको यस गाउँपालिकाको संचित कोष खाता न 0692059501175002 मा जम्मा गर्नुपर्नेछ र संझौता गर्दाको समयमा ४० प्रतिशत, रकम बुझाउनुपर्नेछ र बांकी ६० प्रतिशत रकम नगदै वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बाणिज्य बैंक वा बित्तिय संस्था बाट मिति २०८० श्रावण मसान्त सम्म म्याद भएको कार्य सम्पादन जमानत पत्र (परफरमेन्स बण्ड ) अनिबार्य रुपमा पेश गरेपछि मात्र संझौता गरिनेछ । ४० प्रतिशत मात्र रकम जम्मा गरेर कार्य सम्पादन जमानत पत्र (परफरमेन्स बण्ड ) पेश नगरेमा संझौता गरिनेछैन ।
८.बोलपत्रदाता बाट बोलपत्र फारममा बोलकबोल गरेको रकम अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा सही छाप भएको हुनुपर्ने छ ।
९. म्याद नाघि वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।
१०. यस गाउँपालिकाको हितलाई मध्यनजर गरी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
११. ठेक्का सम्बन्धी विस्तृत जानकारी यस गाउँपालिकाको कार्यालय हात्तिमुडा मोरङ्गमा आई बुझ्न सकिनेछ । अथवा गा.पा.को website www.budhigangamunmorang.gov.np मा हेर्न सकिने छ ।
१२.ठेक्का लिई रकम संकलन गर्ने क्रममा कुनै किसिमको दुर्घटना भएमा बोलपत्रदाता स्वयं सो को जवाफदेही हुनुपर्नेछ ।
१३.ठेक्का सम्बन्घि रसिद हरु ठेकेदार आफैले छपाई कार्यालय बाट प्रमाणीत गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणीत नगराई उठाईएको पाईएमा नियमानुसार कारबाही गरिनेछ ।
१४.यस सुचनामा उल्लेख नभएका कुरा हरु स्थानीय सरकार संचालन ऐन २०७४,सार्बजनिक खरिद ऐन २०६३ (संशोघन सहित ), सार्बजनिक खरिद नियमावली २०६४ (संशोघन सहित ) र प्रचलित ऐन कानुन बमोजीम हुनेछ ।

बुढीगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तिमुडा, मोरङ
प्रदेश नं. १, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत